मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भैंसेबाट चरेससहित किशोर पक्राउ

हेटौंडा, ४ फागुन/भीमफेदी गाउँपालिका-२ भैंसेबाट प्रहरीले शुक्रबार बिहान अवैध लागूऔषध चरेससहित एक किशोरलाई पक्राउ गरेको छ ।

प्रहरीले करिब २० किलो चरेशसहित थाहा नगरपालिका-८ देवीथान बस्ने १५ वर्षीय किशोरलाई पक्राउ गरेको जानकारी दिएको छ । ती किशोरलाई प्रहरीचौकी भैंसेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

पालुङबाट हेटौंडातर्फ जाँदै गरेको ना.८ ख ३५६१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार ती किशोरलाई चरेससहित पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कहिले मिल्ला धरापबाट मुक्ति ?



चित्लाङ-चन्द्रागिरी-थानकोट सडकखण्डको सेतोपहिरा नजिक मोडमा काठमाडौंतर्फ जाँदै गरेका टाटासुमोलगायत चारपाङ्ग्रे सवारीसाधन । यो सडकखण्डमा निरन्तर ग्राभेल, ग्रेडिङ र रोलिङ गरी सडकको सर्फेस मिलाउने काम भइरहेको संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरीले जानकारी दिएका छन् । जीर्ण सडक मार्गमा बजेट अभावका कारण धराप थापेको भन्दै सरकारको आलोचना भएपछि चालु आर्थिक वर्षमै काम हुने गरी ५ करोड ९९ लाख रुपैयाँ थपिएको अर्थ मन्त्रालयले १२ माघमा भौतिक पूर्वाधार मन्त्रालयलाई पत्रमार्फत् आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकमको स्रोत सुनिश्चित गर्दै बजेट खर्च गर्न सहमति प्रदान गरेको मकवानपुरका प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले जानकारी दिए । डिभिजन सडक कार्यालय काठमाडौंले चालु आर्थिक वर्षका लागि २२ करोड रुपैयाँ माग गरे पनि २ करोड रुपैयाँमात्र पाएको थियो । काठमाडौंलाई मकवानपुरलगायत मध्यतराईसँग जोड्ने छोटोदुरीको यो मार्गमा दैनिक हजारौं यात्रु जोखिम मोलेर यात्रा गरिरहेका छन् । यात्रुले यो धराप सडकबाट कहिले मुक्ति पाउने ? भन्दै प्रश्न गरिरहेका छन् । सडक खण्डको २२ किलोमिटर मध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण रहेकाले त्यसलाई सुधार गरी कालोपत्रे नगरेसम्म सधैं दु:ख हुने जनप्रतिनिधिको भनाई छ । २८ पुसमा काठमाडौंबाट थानकोट-चन्द्रागिरी हुँदै चित्लाङ गइरहेको जीप दुर्घटना हुँदा एकै परिवारका पाँच जनाको मृत्यु भएको थियो । *तस्बिर: साझाकुरा*

## किसानलाई आधुनिक प्रविधिमा जोड्दै वडा

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/थाहा नगरपालिकाको ३ नम्बर वडा कार्यालयले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत टनेल निर्माणका साथै मिनिटिलर र ईलेक्ट्रिक स्प्रे पम्पका लागि सहयोग गरेपश्चात वडाका किसान खुसी भएका छन् ।



थाहा नगरपालिका-३ भोटखोरियाका कृषक नरेश कार्की टनेलमा तरकारीबालीको बिरुवा उत्पादन गर्न निकै सहज भएको बताउँछन् । कार्कीले खुल्ला ठाँउमा बीउ राख्दा उमारमा समस्या, उम्रे पनि जोगाउन हम्मेहम्मे हुने बताए । खुल्ला ठाँउमा तरकारी बालीको बीउ राख्न भन्दा टनेलमा निकै सहज हुने अर्का कृषक प्रदीप उप्रेती बताउँछन् । समयको बचतसँगै बीउको उमार र हुकाईका लागि टनेल निकै उपयोगी हुने उप्रेती बताउँछन् ।

तरकारीको बिरुवा उत्पादन गर्नका साथै १२ महिना नै तरकारी उत्पादन हुने भएकोले टनेल निकै प्रभावकारी हुने कृषक दीपक बिष्टले बताए । बिष्टले वडाका कृषकलाई टनेल निर्माणलगायतका कृषिसामग्री सहयोग गरेकोमा वडा कार्यालय र जनप्रतिनिधिलाई धन्यवाद दिए । वडा कार्यालयले ७२ बर्गमिटरको टनेल निर्माणका लागि आवश्यक बाँस र प्लाष्टिक नि:शुल्क उपलब्ध गराएको छ भने कृषकले निर्माण र अन्य खर्च गर्नुपर्ने हुन्छ ।

एउटा टनेल निर्माणको लागि आवश्यक पर्ने २० वटा बाँस र टनेललाई प्लाष्टिक वडा कार्यालयले उपलब्ध गराउने वडा सदस्य सबिता सुनारले बताइन् । एक घर एक टनेलको अवधारणाअन्तर्गत वडाका कृषकलाई तरकारीको बीउ उत्पादनमा आत्मनिर्भर बनाउन टनेल निर्माणका लागि कृषकलाई प्रोत्सहान गरिएको वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले बताए ।

१ हजार ४६ घरधुरी रहेको ३ नम्बर वडामा कृषकको मागको आधारमा गतवर्ष ४५ वटा टनेल निर्माणको लागि वडा कार्यालयले सहयोग गरेको थियो भने यसवर्ष ९० वटा टनेल निर्माणको लागि सहयोग गरेको छ । वडाको मुख्य पेशा कृषि भएकोले कृषिमा युवालाई आकर्षित गरी ब्यवसायिक बनाउनको लागि टनेल निर्माणमा सहयोग गरिएको र आगामी वर्षमा समेत टनेल निर्माणका लागि सहयोग गरिने अध्यक्ष रायमाझीले बताए । कृषिपेशालाई प्रबिधिमैत्री बनाउन यसवर्ष कृषकको मागको आधारमा ५० प्रतिशत लागत साझेदारीमा ७३ वटा ईलेक्ट्रिक स्प्रेयर पम्प र २१ वटा मिनिटिलर पनि बितरण गरिएको अध्यक्ष रायमाझीले बताए ।

## चलचित्र पत्रकारको भेला हेटौंडामा हुने

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला हेटौंडामा आयोजना हुने भएको छ । संस्था स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा चलचित्र पत्रकार संघ नेपाल केन्द्रीय समितिले फागुन ५ देखि ८ गतेसम्म राष्ट्रिय भेला आयोजना गर्न लागेको हो ।

सिनेमा पर्यटनको आधारलाई अघि सार्दै संघले राष्ट्रिय भेलामा सिनेमा संवाद, अन्तक्रिया, कार्यशाला गोष्ठी, कार्यपत्र प्रस्तुतलगायतका विभिन्न कार्यक्रम गरिने संघका केन्द्रीय अध्यक्ष समीर बलामीले बताए । स्थानीय ठाउँलाई नेपाली सिनेमा मार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय भेलाको आयोजना गरेको अध्यक्ष बलामीले बताए । भेलामा देशभरबाट दुई सय पचासजना पत्रकार र ५० बढी कलाकार अतिथिको रुपमा उपस्थित हुनेछन् । राष्ट्रिय



भेलाको व्यवस्थापन पूरा गरिसकेको संघका मकवानपुर शाखाअध्यक्ष कपिल खड्काले बताए ।

कार्यक्रममा नेपाली चलचित्र उद्योगको कार्यपत्र र चलचित्र पत्रकारिता क्षेत्रको कार्यपत्र प्रस्तुत हुनेछ । फागुन ६ गते भेलाको औपचारिक उद्घाटन पछि बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐन मस्यौदा माथि छलफल हुनेछ । प्रेस काउन्सिल नेपालले सोही कार्यक्रममा विट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि पत्रकार आचारसंहितामाथी छलफल गर्नेछ । बिज्ञापन बोर्डले अनलाइन व्यवस्थापन सम्बन्धी कार्यशाला आयोजना गर्नेछ ।

यस्तै, फागुन ७ गते सिनेमा पर्यटन, सिनेमा बजार, मिडिया प्रमोशन र कर्पोरेट लगानी, फिल्म सेन्सर, नेपाली सिनेमाको अबको बाटो, केन्द्रीय चलचित्र ऐन र सेन्सर कार्यविधि बिषयमा संवाद र अन्तक्रिया आयोजना हुनेछ । चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, सेन्सर बोर्डका अध्यक्ष तथा सहसचिव नेत्रप्रसाद सुवेदी, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रवन्धक फूलमान वल, बिज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाई, बागमती प्रदेशका संचार रजिष्ट्रार रेवती सापकोटा, पर्यटन बोर्डका प्रबन्धक सूर्य थपलिया, संचार मन्त्रालयका प्रतिनिधि, पर्यटन मन्त्रालयका प्रतिनिधि लगायत वक्ताहरुको उपस्थिति रहनेछ ।

यस्तै, दयाराम दाहाल, नरेन्द्र महर्जन, जनक तामाङ, स्वस्तिमा खड्का, केकी अधिकारी, दिनेश डिसी, आकाश अधिकारी, निश्चल बस्नेत, अशोक प्यासी राई, मनोज पण्डित, सन्जोग बस्याल, अरुण बराल, चिरञ्जीबी पौडेल, मोहन निरौला, राजु केसी, नवल खड्का, रवि अधिकारी, केएल पीडित, विदुर गिरी, शान्तिप्रिय, ध्रुव लम्साल, प्रकाश सायमी, डब्बु क्षेत्री लगायत चलचित्रकर्मी तथा पत्रकारको उपस्थिति रहनेछ ।

## धमिलेफाँटमा सूर्यमुखीको परीक्षण खेती

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मकवानपुरका विभिन्न ठाउँमा सूर्यमुखी फूलको खेती गरिदै आएको भएपनि मकवानपुरगढी गाउँपालिका-३ को धमिलेफाँटमा भने परीक्षणकै रुपमा खेती गरिएको छ ।

सोही वडाका बाबियोडाँडा निवासी गोकर्ण पराजुलीले धमिलेफाँटमा रहेको आफ्नो ४ कठ्ठा खेतमा सूर्यमुखी फूलको खेती गरेको कृषिविकास अधिकृत चन्द्रकान्त चौधरीले जानकारी दिए । बिरुवाको सुरुकै अवस्थामा रोग लागेका कारण उपचार गर्नुपरेकोले खर्च बढेको उनी बताउँछन् । हालसम्म करिव ३५ हजार रुपैयाँ खर्च भइसकेको उनले बताएका छन् ।

हाल बिरुवा राम्रो अवस्थामा रहेको र फूल्ने बेलासम्म केही समस्या नआएमा राम्रै आम्दानी हुनसक्ने उनको अनुमान रहेको छ । प्रतिकठ्ठा एक क्वीन्टल फल लाग्छ भन्ने आफूले सुनेको र प्रतिक्वीन्टल २० हजारका दरले ८० हजार रुपैयाँ आम्दानी हुने आफूले अपेक्षा राखेको पराजुलीले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तरराष्ट्रिय सम्मेलन:
नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धनको लागि क्षमता विकास
मिति: फागुन ५ र ६ | स्थान: एभोकाडो एण्ड अर्किड रिसोर्ट, हेटौंडा
INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship
#Innopreneurship #ICCD
#TogetherWeCan
KEYNOTE SPEAKERS
PROF. DR. DEV RAJ ADHIKARI — Chairman, University Grants Commission
MR. IGNOUS KARTHAUS — PUM Senior Expert
INTERNATIONAL SPEAKERS
DR. SASKIA J.M. HARKEMA — Founder, Impact Leaders International
MR. HENK TER STEGE — PUM Senior Expert
MR. ROB VAN STAR — PUM Senior Expert
DR. NARESH SACHDEV — Director, PCTE, Ludhiana
NATIONAL SPEAKERS
PROF. PUSHKAR BAJRACHARYA, PHD — Senior Management Educator
PROF. PREM RAJ PANT, PHD — Senior Management Educator
PURAN B JOSHI — Principal, HSMSS
NAROTTAM ARYAL — President, King's College
LEKHRAJ POKHREL — President, Conf. of Bagmati Prov. Industries
NIRAJ KHANAL — Entrepreneurship Ecosystem Enabler
SWAGAT RAJ PYAKUREL — Director, MM Polymers
RAJIV SHARMA — MD, Jobs Dynamics
BIBHUSHAN BISTA — Executive President, Young Innovations
PAVITRA GAUTAM — Co-founder/CEO, Karkhana
Organized by: Co-organized by: In partnership with:
KING'S COLLEGE PUM NYEF International Labour Organization STARTUP NATION 2030

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएको हुन् ।

facebook twitter Google विज्ञान/प्रविधि

# यस्तो थियो मस्कले ट्वीटर खरिद गर्नुको भित्री कथा



टेस्लाका सीईओ एलन मस्कले जब सोसल मिडियाको दिग्गज कम्पनी ट्वीटर (हालको एक्स) खरिद गरे त्यो ठुलै चर्चाको विषय बनेको थियो ।

उनले ट्वीटर अधिग्रहण गर्नुका कारणलाई लिएर विभिनन अनुमान गरिए । तर वास्तविक रुपमा उनले ट्वीटर खरिद गर्नुको खास कारणको खुलासा हालै एउटा पुस्तकमा गरिएको छ ।

सो पुस्तकमा उल्लेख गरिए अनुसार एलन मस्कले एउटा ट्वीटर अकाउन्टमाथि प्रतिबन्ध लागोस् भन्ने चाहन्थे । त्यसका लागि उनले ट्वीटरका तत्कालीन सीईओ पराग अग्रवालसँग अनुरोध पनि गरे । तर, परागले मस्कको अनुरोध अस्वीकार गरेसँगै झोंक्की स्वभावका एलन मस्कले ट्वीटर कम्पनी नै खरिद गरेर आफ्नो मनमौजी गर्ने निधो गरेका थिए ।

ब्याटल फर द बर्ड नामक पुस्तकमा गरिएको दाबी अनुसार अमेरिकी प्रोग्रामर ज्याकी स्विनीको ट्वीटरमा एलनजेट नामक एउटा अकाउन्ट थियो ।

उक्त अकाउन्टले मस्कको निजी जेटका यात्राहरुको बारेमा जानकारी शेयर गर्दथ्यो । आफ्नो निजत्व तथा गोपनीयता भंग गरेको भन्दै मस्क उक्त अकाउन्टसँग खुसी थिएनन् र त्यसमाथि गोपनीयता नियम उल्लंघनको आरोपमा प्रतिबन्ध लगाइयोस् भन्ने चाहन्थे ।

यस विषयमा उनले ट्वीटरका तत्कालीन सीईओ पराग अग्रवालसँग पनि कुराकानी गरेका थिए । तर, पराग अग्रवालले सो ट्वीटर अकाउन्टमा प्रतिबन्ध लगाउन नसकिने जवाफ मस्कलाई दिए ।

पुस्तकमा दाबी गरिए अनुसार एलन मस्कले आफ्ना यात्राहरुको जानकारी नदिने सर्तमा ज्याक स्विनीलाई ५००० डलर पैसा दिने प्रस्ताव पनि गरेका थिए । तर, स्विनीले ५० हजार डलर मागिन् । त्यसपछि चाहिं मस्कले उनको ट्वीटर अकाउन्टमाथि नै प्रतिबन्ध लगाउने कोसिस गरेका थिए । तर त्यसमा पनि सफल नभए पनि मस्कले ट्वीटर कम्पनी नै खरिद गर्ने निर्णय लिएका थिए ।

मस्कले सुरुमा ठूलो परिमाणमा ट्वीटर कम्पनीको शेयर खरिद गरे र त्यसको बोर्ड सदस्य बने । त्यसपछि सन् २०२२ को अक्टोबरमा उनले कम्पनीको सबै शेयर आफ्नो नाउँमा बनाउन ४४ अर्ब डलरको सम्झौता गरे ।

ट्वीटर कम्पनी आफ्नो स्वामित्वमा ल्याएसँग मस्कले पराग अग्रवाल लगायतका विभिन्न उच्च पदस्थ कर्मचारीहरुलाई बर्खास्त गरेका थिए । त्यसपछि उनले ट्वीटर कम्पनीको नाम तथा ब्राण्ड नै परिवर्तन गरी एक्स बनाए ।

तर, अनौठो त के भने मस्कले ट्वीटर खरिद गरेपछि पनि उनका निजी जेट यात्राहरुको खुलासा गर्ने ज्याक स्विनीको ट्वीटर अकाउन्ट बन्द भएन ।

एलनजेट नामक एक्स अकाउन्टले अहिले पनि एलन मस्कले आफ्नो प्राइभेट जेटमा गर्ने हवाई सयरका विषयमा जानकारीहरु शेयर गर्ने गर्दछ ।

ब्लुम्बर्गका पत्रकार कुर्त वाग्नरले लेखेको ब्याटल फर द बर्ड पुस्तक यही फेब्रुअरी २० देखि बजारमा आउनेछ । यसमा ट्वीटरको गडबडपूर्ण कर्पोरेट इतिहास, एलन मस्कको अधिग्रहण, यसको भीमकाय सांस्कृतिक प्रभाव तथा दुनियाँले खबर थाहा पाउने कुरालाई एक्सले कसरी बदल्यो भन्ने लगायतका विषयमा अनुसन्धानात्मक विवरणहरु प्रस्तुत गरिएको छ ।

यौनस्वास्थ्य

# कुमारित्व फिर्ता पाउनका लागि यो तरिका अपनाउन बाध्य महिला, प्रतिबन्धको माग



कुमारित्व परीक्षण र यो मर्मत गराउने मुद्दा एकपटक पुन: चर्चाको केन्द्रमा छ । यसपटक योविरुद्ध बेलायतका डाक्टरले मोर्चा खोलेका छन् । वास्तवमा यहाँका डाक्टरले जबसम्म 'भर्जिनिटी रिपेयर' (कुमारित्व मर्मत) को नाममा नक्कली शल्यक्रिया बन्द हुँदैन तबसम्म कुमारित्व परीक्षणमा कानून बनाउनुको कुनै फाइदा छैन ।

रोयल कलेज अफ अब्स्टिट्रीशियन्स एन्ड गाइनोकोलोजिस्ट (आरसीओजी) ले सरकारलाई चेतावनी दिँदै भर्जिनिटी रिपेयर सर्जरीमाथि कडा रोक लगाउन माग गरेका छन् । स्मरण रहोस्, अघिल्लो महिना सांसदको समितिले एक प्रस्ताव पेश गरेका थिए जसमा केही निजी क्लिनिकद्वारा गरिँदै आएका भर्जिनिटी टेस्टलाई अपराधको श्रेणीमा ल्याउन माग गरिएको थियो ।

डाक्टरका अनुसार एकातिर सरकारले भर्जिनिटी टेस्टमा कानून बनाएको दाबी गरिरहेको छ, अर्कोतर्फ भर्जिनिटी रिपेयर गराउने प्रक्रियामा कुनै रोक लगाइएको छैन । भर्जिनिटी रिपेयर सर्जरीमा यौनाङ्गको छालाको एउटा पत्रलाई बनाइन्छ यसमार्फत् हाइमन टुटेको जस्तो लाग्दैन । यो शल्यक्रियालाई हाइमनोप्लास्टी भनिन्छ ।

बेलायतमा धेरैजसो युवती र महिलालाई पूर्ण रुपमा भर्जिन देखाउनका लागि उनका आमा-बुवा वा आफन्तले हाइमनोप्लास्टी गराउँछन् । सन् २०२० मा सन्डे टाइम्सले अनुसन्धानपछि यस्ता २२ नीजि क्लिनिकबारे खुलासा गरेका थिए जसले भर्जिनिटी रिपेयर सर्जरीको नाममा मोटो रकम असुल्ने गर्छन् । एक वर्षभित्र यहाँका लगभग ९,००० मानिसहरुले हाइमेनोप्लास्टी र योसँग सम्बन्धित जानकारी गुगलमा खोजे ।

रोयल कलेज अफ अब्स्टीट्रीशियन्स एण्ड गाइनोकोलोजिस्ट (आरसीओजी) का अनुसार यदि भर्जिनिटी रिपेयरको प्रक्रियामा रोक लगाइएन भने भर्जिनिटी टेस्टिङमाथि रोक लगाउने प्रयास बेकार हुनेछ ।

आरसीओजीका अध्यक्ष डा. एडवर्ड मरिसले द गार्डियनलाई भने, 'हाम्रो मान्यता यो छ कि यूकेमा दुबै प्रक्रियामाथि प्रतिबन्ध लगाइनुपर्छ । हाइमेनोप्लास्टी र भर्जिनिटी टेस्टिङ दुबै हानिकारक प्रथा हुन् जसले सामाजिक, सांस्कृतिक र राजनीतिक मूल्यलाई खराब गर्ने काम गर्छ । यसले महिलाका पूर्व यौनसम्बन्धको गलत जानकारी दिन्छ । हाइमेनोप्लास्टीमाथि रोक बिना भर्जिनिटी टेस्टिङमाथि प्रतिबन्धले कुनै फाइदा हुने छैन किनभने दुबै प्रथा अटुट रुपमा सम्बन्धित छ ।'

आरसीओजीले दिएको जानकारी अनुसार हाइमन रक्त कोशिकाको एउटा झिल्लीजस्तै हो । साधारणतया पहिलो पटक यौनसम्बन्ध स्थापित गरेपछि रगत आउँछ र यो टुटिसकेको छ भने रगत आउँदैन । यस्तै, डब्ल्यूएचओले स्पष्ट रुपमा भनिसकेको छ कि हाइमलाई सधैं यौनसम्बन्धसँग जोडेर हेरिनु हुँदैन र भर्जिनिटी टेस्टिङ मानव अधिकारको उल्लंघन हो । इरानियन एण्ड कुर्दिस वुमन्स राइट अर्गनाइजेशनकी कार्यकारी निर्देशक डायना नम्मीले हाइमेनोप्लास्टी महिला र युवतीविरुद्ध एक प्रकारको हिंसा भएको बताएकी छिन् । उनले यसलाई एउटा हानिकारक प्रथाको संज्ञा दिँदै यसले बाध्यात्मक विवाहलाई प्रोत्साहन दिने बताइन् ।

डायनाले भनिन्, 'हाइमेनोप्लास्टीले भर्जिनिटी रिस्टोर गर्छ नै भन्ने छैन । यदि कुनै युवतीको विवाह भएको रात रक्तश्राव भएन भने उनीमाथि 'अनर अब्यूज' हुने खतरा बढी छ । ' यस्तै एक यातनाको शिकार भइन् बेलायती महिला हफ्सा (नाम परिवर्तित) ले आफ्नो कहानी द गार्डियनलाई बताइन्, '१५ वर्षको उमेरमा कलेजबाट फर्किँदै गर्दा केही मानिसहरुले अपहरण गरेर मेरो बलात्कार गरेका थिए ।'

'घर फर्किएपछि मैले यसलाई अत्यधिक लुकाउने कोसिस गरेँ तर मेरी आमाले यो कुरा थाहा पाइन् । उनले यदि मेरो रक्तश्राव भएको छैन भने यसको अर्थ म भर्जिन छैन भनेर बुझ्नुपर्ने बताइन् । यो हेर्नका लागि उनी मसँग शौचालय पनि गइन् र मेरो स्थिति देखेर यो घटना अघि पनि मैले कसैसँग यौनसम्बन्ध स्थापित गरिसकेको छु भनेर उनले अन्दाज लगाइन् । तर वास्तवमा त्यस्तो केही पनि थिएन ।'

'महिनौंसम्म ममाथि तथानाम भनियो । एकदिन मेरी आमाले 'तिमीले जुन लाज लाग्दो कुरा गरेकी छौ, त्यसलाई म ठिक गरेरै छोड्छु' भन्नुभयो । उनले 'एउटा शल्यक्रिया छ, जुन गराएपछि तिमी पुन: भर्जिन हुनेछौ' भन्नुभयो । मेरा पिताले पनि शल्यक्रियापछि सबैकुरा ठिक हुन्छ भनेर विश्वास दिलाउनुभयो । मेरी आमाले एउटा टिश्यू पेपरमार्फत् मलाई बुझाइन् कि डाक्टरले कसरी यौनसम्बन्धपछि पनि नक्कली हाइमन बनाउने गर्छन् ।'

हफ्साले भनिन्, 'मेरा आमाबुवालाई विवाहको पहिलो रात म कसैगरी कुमारी प्रमाणित होऔं । म यो शल्यक्रिया गर्न चाहन्नथें तर लगभग एक वर्षसम्म मेरा आमाबुवाले ममाथि दबाब दिइरहेका थिए । यो उत्पीडनको ममाथि मानसिक रुपमा अत्यधिक असर देखियो । अन्त्यमा मैले भागेर विवाह गरे र केही महिनापछि गर्भवती भएँ । मेरा पिताले मसँग सबै सम्बन्ध तोडेका छन् ।'

# साहित्य

हास्यव्यंग्य

## म कस्तो देशमा जन्मिएछु

✍विश्व विनोद

झण्डा, सगरमाथा, बुद्ध, हिमाल जस्ता शब्द त हाम्रा लागि झुक्याउने शब्द मात्र रहे । यहाँको राजनीति न यहाँको छ, न यहाँको संस्कृती यहाँको नै बन्न पुगेको छ । बरु आँखै नभैदिएको भए देख्नु पर्थेन, बरु कानै नभैदिएको भए सुन्नु पर्थेन तर आँखा र कान भएको बुख्याँचा झै बनेर यहाँको राजनीतिक अतिसार खपेर बस्नु परेको छ ।

कहिलेकाँही भ्रष्टचारीलाई समातियो भन्छन् तर आकाशमा मिलिक्क हुने बिजुली झैं एकाध भ्रष्टाचारी समातिएर झुक्याईने देश पो बनेको छ यहाँ । समातिँदा पनि मुस्कानका साथ हात हल्लाई हल्लाई भ्रष्टाचारी जेल जाने देश पो हो मेरो । यस्तो लाग्छ कि मानौं कुनै जितको उत्सव ति भ्रष्टाचारीले मनाएका छन् । अब अझ ५ बर्षमा नै चोख्याईने पो भन्दैछन् गाँठे । भ्रष्टाचार गर्नुस् अनि ५ बर्ष बिदेश लुकेर बस्नुस् अनि भ्रष्टाचारको मुद्धा नै लाग्दैन नि हैन र ? उसो त भ्रष्टाचारीले पुरै जेलमा बसेर बाहिर रिहा हुँदा सय किलोको मालाले जयजकार गरेर बिजय उत्सव मनाउँदै बिभिन्न राजनीतिक दलले स्वागत गर्ने पो देश हो यो, हैन र ?

देशका अधिकांश दलको नामको पछाडी – पार्टी भन्ने शब्द झुण्डिएको छ । लौन भन्दिनुस् यो – पार्टी भन्ने शब्द नेपाली शब्दकोषमा यहाँको नै हो कि आयातित होला । आखिर आफ्नो दलको नाम पनि स्थानीय राख्न नसक्नेले यिनीहरुको सिद्धान्त र नीति नेपाली नै होला र ?

आजकल संसद भवनमा राजनीतिक बहस हेर्दा लाग्छ कि कुनै गाउँमा जग्गाको लागि दुई पक्षको बीचमा अपशब्द बोलेर बाझाबाझ भएको छ । संसद भवन भनेको त बिदेशीले बिधेयक बनाईदिएर पास हुने संस्था जस्तो पो देखिन्छ । यहाँ जति बोलिन्छन् के तिनको बारेमा बृहत छलफल भएर निचोडमा पुगिएको छ र ? नत्र त देशले पहिले नै बिकासको चरम उत्कर्षमा पुगेर बिकास नै अतिसंतृप्त अवस्थामा पुग्थ्यो होला हैन र ?

यो देशमा दल नै फुटाउन र अस्थिरता उत्पन्न गर्नको लागि बिधेयक ल्याईन्छ । यो देशमा भ्रष्टाचार गर्नेले मिडियामा आएर कसम खाईदिए चोख्याईएको बुझिन्छ । यो देशमा चर्का भाषण र नाराले मात्र व्यक्तित्व बन्दछ ।यो देशमा जसले अर्काको बिरोध र सत्तोसराप गर्न सक्यो उसैले प्रसिद्धि पाउँदछ । यो त यस्तो देश रहेछ जहाँ आफैं बिदेशी नागरिक बनेर शरणार्थी बन्न लालयित हुने देश रहेछ । यो देश यस्तो देश हो जहाँ बोलिदिए पुग्छ, पुऱ्याउनै पर्दैन । आचि आउने गरेर टुँडिखेलमा जस्ले बोल्न सक्छ त्यसको जिन्दगी बन्न सक्ने देश हो यो ।

यहाँ भिम मल्लले शिर सेरिएर मर्न परेको देश हो । कुख्यात हत्यारा र डाँकाहरु खुल्लमखुल्ला संसद भवन छिरेर शान्तिको प्रवचन दिने देश पो हो यो त । चोरलाई चौतारो, साधुलाई सुली, ईमान्दार कर्मचारीलाई सजायँ, भ्रष्टाचारीलाई फुली लाउने देश हो यो । लौन हामी कस्तो देशमा जन्मिएछौं भनिदिनुस् न ल । तारेमाम् !

कविता

## चाहिन्न मलाई मृत्युको मलामी

✍शिलु शर्मा

जिउँदो छँदा, सच्चा मनले बोल
उदार फदयले, मेरो अवस्था स्विकार
दिन्न तिमीलाई केही दु:ख जानी जानी
त्यति गर्दा पनि बुझ्दैनौ भने
न आउनु बनेर शोकका मलामी ।

झुठो आँसु नदेखाउनु, न सम्झिनु मलाई
निस्वार्थ माया गर्दा पनि
कहिले जस नदिएपछि
मेरो मृत्यु शयाको वरपर नआउनु
मेरो मृत शरिरलाई शान्त्वना नदिनु ।

केही गल्ती नहुँदा पनि
बाचुन्जेल देख्न सकेनौ
लाखौ बिन्ती गर्दा पनि
मलाई आफ्नो सोचेनौं
कहिले कठोर बृद्ध र आफन्त बनेर आयौ
कहिले कठोर मालिक बनेर आयौ
जिउँदै बिना गल्ती मुटु चिरा चिरा पारेर पनि
मलाई नै बेइमान बनाए पछि
किन मेरो चिता वरिपरि
देखावटी शान्त्वना लिएर आउछौ ?

तिमी नहेर मेरा निर्जीव आँखा
जसलाई बाचुन्जेल ओभाउन दिएनौं
सजिव हुँदा आफ्नो दुस्कर्मसँग नडराउने तिमी
मेरो टुक्रिएको मुटु अग्नि गमन गरेको
हेर्न नआउ ।

सजीव सत्यमार्गीसँग नडग्ने तिमी
कम्जोर बेला तुच्छ कर्म गर्ने तिमी
किन आयौ यो देह जलेको हेर्न
देखावटी आँसुका फोहरा निकाली

के तिमीलाई पनि निर्जिव लासहरुसँग डर छ ?
मृत्यु पछिको हिसाबसँग डर छ ?

भो उतै हुनेछ हिसाब सही र कुकर्मको
नआउ मेरो बिक्षिप्त आत्मा र शरीर जलेको हेर्न ।

## भिन्नता हेर्ने कि समानता ?

✍प्रा. डा. मोहन प्रसाद जोशी

भन्छन् कोशीलाई पूर्वको
कर्णालीलाई पश्चिमको
उत्तरतिर खोज्दै जाँदा
पानी त दुवैको हिमालको !

पात रङ्गीन लालुपातेको
फूल लालीगुराँसको
नियालेर हेर्दा दुवैले
लाली त लालै लिएको !

स्वादमा अमिलो सिन्की हो
रस मीठो चानाको
यी दुइटै खान्कीको
मूल त आखिर मूलै हो !

लाहुरेको फूल धेरै रङको
सेतो र पहेँलो सुनगाभाको
माटोमुनि त दुवैको
गानोमै जिन्दगी बनेको !

औँलाको शोभा औँठीले
घाँटी सुहाएको सिक्रीले
आखिर दुवै गहनाले
सौन्दर्य पाएको सुनैले !

मनमोहक मूर्ति बनेको
घरको जग भई बसेको
जुन ढङ्गमा ढले नि ढुङ्गा
आखिर चोइटा चट्टानको !

कविता

## स्वीकार छ

✍डा. बच्चु कैलाश कैनी

उसले तर्के आँखाले हेर्दै भनि
म कसैसँग ठुस्केको छैन
तिमीदेखि बेखुस छैन
मैले तिमीलाई दोष दिएको छैन
केवल तिम्रो हेर्ने नजर दोषी छ।

उसले फेरी चर्को स्वरमा भनि
म किन झर्कने ?
म किन रिसाउने ?
मैले तिमीलाई नराम्रो ठानेको छैन
केवल तिम्रो हेर्ने नजर नराम्रो छ ।

त्यो तर्कको आँखा
झर्केको स्वर
बोलीको उतारचढाव
नबुझ्ने कुरै भएन
म त्यति बेलासम्म चुप रहनेछु
जबसम्म उसको मन शान्त हुने छैन
जबसम्म उ स्वभाविक हुने छैन ।

मैले आँफैलाई सान्त्वना दिंदै
मन्द मुस्कान हाँस्दै
आफैंले आफ्नो मुल्यांकन गरें
र सोचें, पत्थरको जवाफ पत्थरले दिए
मन दुख्नेछ
सम्बन्ध टुट्नेछ
तिम्रो र मेरो बीच पर्खाल खडा हुनेछ
पर्खने छु म
मन नपग्लेसम्म
तिमीले फेरी उस्तै मुस्कान नदिएसम्म
मसँग आत्मियता नदेखाएसम्म।

सम्बन्ध जोड्नु र जोडिनुमा
मनसँग मन मिल्नु र मिलाउनुमा
हाँसी खुसी जीवन जिउनुमा
एक अर्कोको अस्तित्व स्वीकार गर्नुमा
मैले र तिमीले सँगै हातेमालो गर्नुमा
जीवन सार्थक बनाउनुमा
मैले आफ्नो सार्थकता देखेकोछु।

जे भन म स्वीकार गर्नेछु
तिम्रो त्यो मुस्कानको प्रतीक्षा गर्नेछु
तिम्रो हातमा हात मिलाउन
म सँधै ब्याकुल छु ।

## गजल



✍डिल्लीप्रसाद अधिकारी

पिरतीको बाँध फुट्यो थुनेको छु मैले
एउटा माला निशानीको उनेको छु मैले।।

सजिलो छ जिन्दगानी तिमी छँदा ऐले
मेरा सबै बेहोसीलाई गुनेको छु मैले।।

अझैसम्म रून्चे हाँसो भावनाका जरा
धेरै सपनाका कुरा चुनेको छु मैले ।।

लम्किएर पर हेर्दा धुवै धुवाँ देखिन्छ नि
मैलो धुस्रो लुगालाई तुनेको छु मैले।।

आउने माघ जाडो होला भयभित हुँदै
बाक्लो गन्जी तिम्रालागि बुनेको छु मैले।।

अझै नजिक अझै वर तिमीलाई सर भन्छु
राम्री भनी तिमीलाई चुनेको छु मैले।।

सिरानी खै कस्तो नरम, ठूलो स्वप्न देख्ने
निन्द्रा हराएको कथा सुनेको छु मैले।।

कविता

## ग्रहण

✍मिरमा

हिमाललाई हिउँले
ढपक्कै ढाके झैं
ढाकिरहन्छु म प्राय:
प्रेम, मायाले
चुर्लुम्म डुबेको हुन्छु
स्नेह, ममता, वात्सल्यमा

चन्द्रले सूर्यलाई
सूर्यले चन्द्रमालाई
ग्रहण लगाए जस्तैगरी
आएर बेला बेलामा
झ्याप्पै छोपिदिन्छन्
मलाई डर-भय
अनि अहंकारले
ग्रहण लगाउन आइपुग्छन्
घृणाले, रिस
खग्रास र खण्डग्रास बन्न आइपुग्छन्
निराशा र अवसाद

जराले आसपासको
माटोलाई जकडेजस्तै गरी
जकड्छ मेरो अहंकारले म आफैंलाई
अन्धो बनाउँछ घृणाले
पागल बनाउँछ रिसले
घाम निदाएपछि
तपतप तपतप चुहिएर चुक
हावामा फैंलिँदै फैंलिँदै
रात गहिरिए जस्तै
गरी समात्छ अन्जान डरले
नचिनेको व्यक्तिको
अप्रिय हातले छोइदिए जस्तै
भयवित बनाउँछ भयले

पानी पाएपछि सिमेन्टले
गिट्टी र बालुवालाई पकडेजस्तै गरी
अठ्याउँछ मलाई
निराशाले,
अवसादले
भित्रभित्रै कतै
मनभित्र मस्तिष्कभित्र
नमिठो ऐँठन गराउँछ
कहिलेकाँही संवेदनाहिन हुन्छु म
अनि पूरिन्छु कहिले
संवेदनाको थुप्रोले
निस्सासिने गरी, अत्तालिने गरी

एकनास सुसेल्दै सुसाउँदै
खोला बहिदिए जस्तै
बिरानीमा न्याउली रोइदिए जस्तै
भित्रभित्र रुन्छु म
प्रायश्चित जस्तो केही सोच्दै
आफ्नै आँसुले धुन्छु आफैंलाई
पगाल्छु चित्तलाई

रातलाई चिरेर
सुनौलो बिहानी आइसक्छ
खोलाको सुसेली पनि घट्दै जान्छ
तर म भित्रको
घृणा, रिस, डर-भय
अहंकार अनि निराशा र अवसाद
नामै लिँदैनन् मलाई छाड्ने

घाटमा अन्तिम सास गनिरहेको
मान्छेलाई झैं
मलाई न्याक्ने मौका छोप्न
कुरिरहन्छ मलाई
चिहाएर हेरिरहन्छन्
ग्रहण लगाउने मौका छोप्न
मेरै वरिपरि हावामा
घुलिरहन्छन् पानीमा नून चिनी घुलेझैं

पानीमा तैरिएको तेल जस्तै
तैरिरहन्छन्
नजरकै सामुन्ने
हर दम
चन्द्र र सूर्य
एक अर्कालाई ग्रहण लगाउने दाउमा
अनन्तदेखि घुमिरहेजस्तै
घुमिरहन्छन् मेरो वरिपरि

# डेढ दशकदेखि श्रम सम्झौताबाट भाग्दैछ साउदी




काठमाडौं/गत २८ माघमा 'आबुधाबी डायलग' को साइडलाइन भेटमा नेपालले एक महिनाभित्रै श्रम सम्झौता गर्न राखेको प्रस्तावमा साउदी अरेबियाका अधिकारीले स्पष्ट जवाफ दिएनन् । बरु घरेलु श्रमिक अर्थात् विशेषगरी महिलालाई विदेश पठाउन नेपालले लगाएको बन्देज कहिले खुल्छ भनेर चासो राखे ।

युनाइटेड अरब इमिरेट्स (यूएई)को अबुधाबीमा भएको उक्त छलफलमा साउदी अरेबियाले एक महिनाभित्रै श्रम सम्झौता गर्ने आश्वासन त दिएको छ, तर नेपाली अधिकारीहरु आशावादी छैनन् । किनकी साउदीले यस्तो आश्वासन दिन थालेकै १५ वर्ष भइसक्यो ।

श्रम सम्झौता/समझदारी नभएका कारण नेपाली श्रमिकले अनेक समस्या व्यहोर्नुपरे पनि श्रम गन्तव्यमा साउदीको भरपर्दो विकल्प पनि नेपालले पाएको छैन ।

चालु आर्थिक वर्षको ६ महिना अर्थात् (साउनदेखि पुससम्म) मा ६६ हजार २९६ जना नेपाली कामका लागि साउदी अरेबिया पुगेका छन् । जुन गत आर्थिक वर्ष २०७९/८० मा साउदीमा १ लाख १२ हजार ७७७ र अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा १ लाख ८८ हजार ९८१ जना थियो । यो वर्ष नेपालीको प्रमुख श्रम गन्तव्यमा साउदी अरेबिया मलेसिया र कतारपछि तेस्रो नम्बरमा छ ।

बैशाख २०६५ मा तत्कालीन श्रममन्त्री लेखराज भट्ट र श्रमराज्यमन्त्री मोहम्मद अफ्ताव आलम साउदी अरब पुग्दा नै श्रम समझदारीको प्रक्रिया अघि बढाउने सहमति भएको थियो । तर, त्यसपछि करिब ४ वर्ष दुबै देशले यसबारे चासोका साथ छलफल गरेनन् ।

२०६८ मा नेपाली पक्षको माग बमोजिम साउदी अरेबियाले नेपालमा आफ्नो दूतावास खोलेर नेपालमै पनि श्रम मामिलामा सामान्य छलफल सुरु गरेको थियो । त्यसपछिका हरेकजसो बैठकमा साउदीले श्रम सम्झौता गर्न तयार रहेको बताउँदै आएको छ, तर व्यवहारमा भने श्रम सम्झौता हुन सकेको छैन ।

नेपालले रोजगारीका लागि साउदी अरेबिया गएका आफ्ना नागरिक आर्थिक, शारीरिक तथा मानसिक शोषणमा परेको भन्दै पटक-पटक ध्यानाकर्षण गराएपछि २०६८ सालको अन्तिमतिर साउदीले घरेलु श्रमिक आपूर्तिबारे छुट्टै श्रम समझदारी गर्न प्रस्ताव पठाएको थियो । नेपालले भने घरेलु श्रमिकका लागि मात्र नभई सबै प्रकारका श्रमिकलाई समेट्ने गरी श्रम सम्झौता गर्न जोड दिएको थियो ।

१० असार २०६९ मा राजधानी रियादमा नेपाली पक्षसँग भएको वार्तामा जतिसक्दो छिटो श्रम सम्झौता गर्ने र दुबै देशले श्रम सम्झौताको मस्यौदा बनाएर छलफल गर्न साउदीले सहमति जनाएको थियो । त्यसपछि दुबै देशले सम्झौताको मस्यौदा आदानप्रदान गरेर छलफल थालेका थिए ।

तर, २४ साउन २०६९ मा सरकारले ३० वर्ष मुनिका महिला कामदार खाडी मुलुक पठाउन रोक लगाएपछि साउदी अरेबियाले श्रम सम्झौताअघि उक्त प्रतिबन्ध खुला गर्नुपर्ने शर्त राख्यो ।

२०७० चैतमा नेपालले पठाएको श्रम सम्झौताको मस्यौदामाथि जेठ २०७१ मा साउदीले प्रतिक्रिया पठाउँदै घरेलु श्रमिकको हित रक्षाका लागि विशेष व्यवस्था गर्न सक्ने तर अन्य श्रमिकको हित रक्षामा आफ्नो कानुन अनुसार व्यवहार हुने तर्क गरेको थियो ।

घरेलु महिलालाई छुट्टीका दिनमा भेला हुन सक्ने गरी प्रस्ताव गरेको 'कम्युनिटी आउटरिच सेन्टर' स्थापनामा पनि साउदीले असहमति जनायो । आफ्नो देशको कानुनले महिलालाई एक्लै हिँडडुल गर्न अनुमति नदिने उसको तर्क थियो ।

साउदीका लागि तत्कालीन नेपाली राजदूत उदयराज पाण्डेका अनुसार त्यतिबेला साउदी अरबले नेपालसँग घरेलु कामदारसम्बन्धी सम्झौता गर्नेमात्र रुचि राखेको थियो ।

साउदीसहित अन्य खाडी मुलुकको दबाबका कारण असार २०७२ मा सरकारले २४ वर्ष पुगेका नेपाली महिला वैदेशिक रोजगारीमा जान सक्ने गरी वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका-२०७२ जारी गरेको थियो । त्यसपछि बल्ल साउदी अरेबिया सम्वादमा फर्किएको थियो ।

श्रम मन्त्रालयका तत्कालीन सहसचिव गोविन्दमणि भुर्तेलका अनुसार माघ २०७२ मा श्रम सचिव रामकुमार आचार्यको नेतृत्वको प्राविधिक टोली श्रम सम्झौतामा दफावार छलफल गर्न साउदी पुगेको थियो । त्यतिबेला पनि साउदी अरेबियाले घरेलु श्रमिक र साधारण श्रमिकबारे छुट्टाछुट्टै श्रम समझदारी गर्ने पुरानो अडान दोहोर्यायो । छलफलमा नेपाली श्रमिकले पाउनुपर्ने अधिकार र कानुनी सुविधाप्रति साउदी उदासीन देखिएको थियो ।

त्यतिबेला नेपालले राखेको श्रमिकको बीमा र रोजगारदाता परिवर्तनको अधिकारलाई साउदीले मान्न नसक्ने बताएको थियो । नेपालले साउदीसँग कामदारलाई २४ घण्टे बीमा उपलब्ध गराउन प्रस्ताव गरे पनि साउदीले आफ्नो कानुनले त्यसलाई निषेध गर्ने जवाफ दिएर टारेको थियो ।

नेपालले श्रमिकले सुरुको ६ महिना काम गरेपछि कुनै समस्या भए रोजगारदाता वा कम्पनी परिवर्तन गर्न पाउनुपर्ने विषय समेत श्रम सम्झौतामा राख्नुपर्ने अडान लिएको थियो । तर, साउदी तयार नभएपछि वार्ता भंग भयो र संवादहीनता लम्बियो ।

२० चैत्र २०७३ मा संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले श्रम सम्झौता नभएका देशमा नेपाली महिलालाई घरेलु श्रमिक नपठाउन सरकारलाई निर्देशन दिएपछि साउदी अरेबिया झन् टाढियो ।

आक्कलझुक्कल हुने औपचारिक छलफलमा साउदीको जोड घरेलु श्रमिकको प्रतिबन्ध खोल्नुपर्नेमै रह्यो । अझै पनि साउदीका लागि श्रम समझदारी भन्दा घरेलु श्रमिक नै चासोको विषय रहेको श्रम मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

परराष्ट्र मन्त्रालय र साउदी स्थित नेपाली दूतावासको कमजोर पहलकदमीका कारण पनि साउदी अरेबियासँग श्रम सम्झौता हुन नसकेको श्रम मन्त्रालयका एक अधिकारी बताउँछन् । 'कतिपय विषयमा साउदीले यहाँ आफ्नो हितलाई माथि राखेर काम गर्न खोज्छ, त्यस्तो बेलामा हामीले श्रम सम्झौताको नेगोसिएसन टुंग्याउन कूटनीति प्रयोग गर्नुपर्ने हो', ती अधिकारी भन्छन्, 'तर, साउदीले चाहेको कुरा हामीले सजिलै दिने तर साउदीले हाम्रा लाखौं श्रमिकको हित सुनिश्चित नगर्दा पनि हुने अवस्था अन्त्य हुन सकेन ।'

उनका अनुसार साउदी अरेबियाले गत २५ वैशाखमा नेपालस्थित साउदी दूतावासले पठाएको कूटनीतिक नोटका आधारमा परराष्ट्र मन्त्रालयले २८ वैशाख २०८० मा निजी कम्पनी 'भीएफएस ग्लोबल सर्भिस' ले साउदी अरेबियाको भिसासम्बन्धी सबै काम गर्न अनुमति दिएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिक माथि आर्थिक भार पर्ने/नपर्नेबारे स्पष्ट नभई यस्तो अनुमति दिन नहुने भन्दै परराष्ट्र मन्त्रालयलाई पत्र नै पठाएको थियो ।

गत २५ जेठमा साउदी दूतावासले साउदी जाने श्रमिकले ६ वटा निकायबाट शैक्षिक प्रमाणपत्र अनिवार्य प्रमाणीकरण गराउनुपर्ने र अदक्ष श्रमिकलाई साउदी जान न्यूनतम शिक्षा आवश्यक पर्ने गरी सूचना जारी गरेको थियो । तर, चौतर्की विरोध भएपछि साउदी दूतावास पछि हट्यो ।

यसरी विभिन्न किसिमले श्रम मन्त्रालयमाथि दबाब पर्ने गरी साउदी अरेबिया श्रमिकको भिसा प्रक्रियामा सिन्डकेटसहित अप्ठेरा नीति नियम खडा गर्न अग्रसर छ ।

**नेपालको कमजोर कूटनीति**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी श्रम कूटनीति साह्रै कमजोर हुँदा साउदी अरेबियासहित थुप्रै देशसँग श्रम समझदारी हुन नसकेको बताउँछन् । 'श्रमिक आपूर्ति प्रक्रियालाई स्वच्छ, पारदर्शी, झञ्झटरहित बनाउने र विदेशमा कार्यरत श्रमिकको हितलाई केन्द्रमा राखेर श्रम समझदारी हुनुपर्छ', उनले भने, 'साउदीजस्ता मुख्य गन्तब्य मुलुकसँग नै श्रम समझदारी गर्न नसक्दा सरकारको क्षमतामाथि प्रश्न उठ्छ ।'

पूर्वराजदूत उदयराज पाण्डे ठूलो संख्यामा श्रमिक जाने सबै देशसँग श्रम समझदारी गर्न सरकार अग्रसर हुनुपर्ने बताउँछन् । 'श्रम समझदारी भयो भने त्यसअन्तर्गत दुई देशबीच श्रम मामिलामा छलफल गर्न संयुक्त कार्य समूहको नियमित बैठक बसिरहन्छ, त्यस्ता बैठकमा आफ्ना सवाल र ध्यानाकर्षणका विषयहरु राख्न पाइन्छ', उनले भने ।

साउदी अरेबियाले डेढ दशकदेखि अनेक बहानाबजी गर्दा प्रमुख श्रम गन्तव्यमा काम गरिरहेका ५ लाखभन्दा बढी नेपालीको हित र सुरक्षा प्रत्याभूत सकेको छैन ।

वैदेशिक रोजगार मामिलाका जानकार मधुविलास पण्डित श्रमिक माग, भर्ना, आपूर्ति प्रक्रिया र हित सुरक्षा जस्ता पक्षबारे साउदी र नेपाल एकमत हुन नसक्दा त्यसको मार श्रमिकले भोगिरहेको बताउँछन् । 'साउदीमा श्रमिकहरुले अनेकन सास्ती भोग्नु परेको छ,' उनी भन्छन्, 'मानव तस्करहरुले श्रमिकलाई ठग्ने र अलपत्र पार्ने गरेका छन्, अन्याय हुँदा न्याय माग्न जाने ठाउँ समेत श्रमिकले पाएका छैनन् ।'

**श्रम सम्झौताका लागि फेरि ताकेता**

सरकारले पछिल्लो समयमा फेरि साउदी अरबसँग श्रम सम्झौताका लागि ताकेता गरिरहेको छ । श्रम मन्त्रालयका प्रवक्ता राजीव पोखरेलका अनुसार गत आइतबार आबुधाबीमा भएको साउदी अरबियासँगको बैठकमा नेपालले प्रस्तावित श्रम सम्झौतामा 'स्वच्छ भर्ना प्रणाली'सहित सामाजिक सुरक्षा, कार्य घण्टा, बीमा, पेशागत स्वास्थ्य सुरक्षा लगायतका विषयहरुको सम्बोधन गनुपर्ने विषय उठाएको बताउँछन् । एक महिनाभित्र यस्ता सबै विषय टुंगोमा पुर्याउन प्रस्ताव गरिएको उनले बताए ।

उनका अनुसार विदेशी श्रमिक राने रोजगारदाताले पासपोर्ट कफाला प्रणाली र त्यसले नेपाली श्रमिलाई पारेको असरबारे पनि कुराकानी भएको छ । साउदीमा कफाला कानुनअन्तरगत रोजगारदाताले नै आवासीय अनुमतिपत्र (अकामा) बनाइदिनुपर्ने, श्रमिकको राहदानी रोजगारदाताले राख्ने, सजिलै काम र मुलुक छाड्न नपाइने र मृत्यु भए पनि रोजगारदाताको अनुमतिविना शव ल्याउन नपाइनेसम्मको व्यवस्था छ ।

यस्तो प्रणालीले पारेको समस्याबारे पनि नेपाली पक्षले साउदी सरकारको ध्यानाकर्षण गराएको छ । 'विभिन्न कारणले मृत्यु भएका श्रमिकको शव छिट्टै नेपालसम्म पठाउन सहजीकरण गर्न आग्रह गरेका छौं,' पोखरेलले भने, 'सप्लाइ (आउटसोर्सिङ) कम्पनीमा बोलाएर काम नदिने अवस्था निरुत्साहित गर्न पनि साउदी सरकारसँग अनुरोध गरेका छौं ।'

रोजगारका अवसरहरुमा महिलाको सहभागिता सुनिश्चित गर्न हस्पिटालिटी, केयर गिभर, हेल्थ वर्कफेस लगायतका क्षेत्रमा सुरक्षित र सम्मानित अवसरहरुलाई बढावा दिन पनि आग्रह गरिएको प्रवक्ता पोखरेलले बताए । उनका अनुसार श्रमिकहरुको गुनासो सम्बोधन गर्न बैंकिङ र स्वास्थ्य सूचना प्रणालीको प्रयोग बढाउनेसहित पूर्वप्रस्थान अभिमुखीकरण, सीपयुक्त तालिम लगायतका कामहरुलाई डिजिटाइजेसन गर्दै लैजानेबारे पनि छलफल भएको छ । विज्ञहरु साउदीसँग हुने यस्ता छलफललाई छिटो श्रम सम्झौतामा बदल्नुपर्ने बताउँछन् । औपचारिक रुपमा श्रम सम्झौता नहुँदा श्रमिकको समस्या बढ्दै गएकोतर्फ सचेत भएर कूटनीतिक कदम चाल्नुपर्ने उनीहरुको जोड छ ।

साउदीका लागि पूर्व राजदूत पाण्डे श्रम समझदारी नभएका साउदीजस्ता मुलुकलाई दबाब पर्ने गरी पटक-पटक फलोअप, छलफल र अन्तरक्रिया गरिरहनुपर्ने बताउँछन् । 'अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), कोलम्बो प्रोसेस, आबुधाबी डायलग, अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम)जस्ता संघ-संगठन र त्यसका मञ्चहरुमा श्रम समझदारीका लागि ती देशलाई दबाब पर्ने गरी विषयहरु राख्नुपर्छ,' पाण्डे भन्छन्, 'श्रम र परराष्ट्र मन्त्रालयसहित सम्बन्धित देशको दूतावासलाई सक्रिय बनाउनुपर्छ, दूतावासहरुको क्षमता र कार्यकुशलता बढ्ने गरी आवश्यक स्रोतसाधन दिएर प्रस्तावित सम्झौताहरुलाई टुंगो लगाउँदा श्रमिक र देशकै हित हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# बालमैत्री कार्यक्रममा विद्यालयको भूमिकामाथि अन्तरक्रिया

साझाकुरा संवाददाता



हेटौंडा, ४ फागुन/ रेडियो थाहासञ्चार ९९.६ मेघाहर्ज हेटौंडाको १६ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् बालमैत्री कार्यक्रम विद्यालयको भूमिकाका विषयमा अन्तरक्रिया भएको छ ।

शुक्रबार हेटौंडा उपमहानगरपालिका-१४ नम्बर वडास्थित भृकुटी माध्यमिक विद्यालयमा बालमैत्री कार्यक्रममा विद्यालयको भूमिकाबारे अन्तरक्रिया भएको हो । रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीको सभाध्यक्षतामा भएको अन्तर्क्रियामा वडाअध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा वडाअध्यक्ष खड्काले उपमहानगरपालिकाले २०८० मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी गरे पनि केही सूचकहरु पूरा नहुँदा ढिला भएको बताए । उनले बालमैत्री घोषणा गर्न निकै चुनौती रहे पनि बालमैत्री घोषणाका निमित्त निरन्तर काम गरिरहेको जानकारी दिए । वडाबासीलाई बालमैत्रीसम्बन्धी सचेत गराउँदै हरेक पसलमा पुगेर अनुगमन गरिने वडाअध्यक्ष खड्काले बताए । उनले लागुऔषध प्रयोगकर्तालाई रोक्न बिभिन्न कार्यक्रम गर्नुका साथै बालमैत्री घोषणा गर्न वडाले निरन्तर प्रयास गरिरहेको बताए ।

घोषणाका लागिमात्र नभएर कार्यान्वयनमा जानुपर्ने हुँदा हरेक सूचक पूरा गर्न वडाले काम गरिरहेको उनले जानकारी दिए । बालमैत्री वडा सहजकर्ता अरुणा लोप्चनले वडामा रहेर ५१ वटा सूचक पूरा गर्ने अन्तिम तयारीमा रहेको बताइन् । उनले वडामा २० वर्षभन्दा मुनिमा किशोरीको विवाह रोकिएको जानकारी दिइन् ।

कार्यक्रममा अस्थायी प्रहरी बिट मयुरधापका इन्चार्ज दीपेन्द्र ढकाल, मेलमिलाप केन्द्र वडासंयोजक टोल विकास संस्था वडा समन्वय समिति अध्यक्ष केदार थिङ, भृकुटी माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार मोक्तान, रेडक्रस चुरियामाई शाखा अध्यक्ष बखानसिं थिङ, जनज्योति माध्यमिक विद्यालयका प्रअ भोगेन्द्र लुईंटेल, भृकुटी माध्यमिक विद्यालयका प्रअ अच्युतकृष्ण रिजाल, शहरी स्वास्थ्यचौकी मयुरधाप प्रतिनिधि पञ्चमाया वाइबा, शिक्षक-अभिभावक संघ अध्यक्ष विष्णुकुमारी मोक्तानलगायत विद्यार्थीको उपस्थिति थियो ।

# एक वर्षपछि साम्राज्ञीको 'लण्डन टू पेरिस' प्याकअप



काठमाडौं/करिब एक वर्ष अगाडि बेलायतमा फिल्म 'लण्डन टू पेरिस'को छायांकन गरिएको थियो । २० प्रतिशत पेरिसको दृश्य बाँकी राखेर निर्माण टिम काठमाडौंमा फर्किएको थियो । तर पछि विभिन्न कारणले पेरिसमा छायांकन गर्न सम्भव नभएपछि निर्माण टिमले यसै साता मुम्बईको एक स्टुडियोमा रहेको पेरिसको सेटमा फिल्म खिचेको छ । योसँगै अब फिल्मको सम्पूर्ण छायांकन सकिएको छ ।

निर्देशक घनश्याम लामिछानेले छायांकन सकिएसँगै मुम्बईमै सम्पादनको काम भैरहेको जानकारी गराएका छन् । उनका अनुसार, एउटा गीतको आधा अंश र केही दृश्य खिच्न बाँकी थियो । आफ्नो छायांकन सकाएर फिल्मकी अभिनेत्री साम्राज्ञी आरएल शाह र नव-अभिनेता निश्चल खड्का नेपाल फर्किसकेका छन् । फिल्मको सम्पादन सकिएपछि प्रदर्शन मिति घोषणा गरिने जनाइएको छ ।

'ढिला गरी भए पनि राम्रोसँग छायांकन सकिएकाले म खुसी छु । कहिलेकाहीँ फिल्म ढिला हुँदाखेरि रोकिने वा नबन्ने समेत अवस्था आउँछ । यद्यपि, हामीले फिल्म पूरा गरेका छौं,' निर्देशक लामिछानेले भने, 'फिल्म राम्रो बनेकोले दर्शकलाई मनपर्छ भन्नेमा विश्वस्त छु ।' फिल्मको बेलायतमा खिचेको भागको डबिङ र कलरको काम भैसकेको छ भने मिक्सिङ र भिएफएक्सको काम बाँकी छ ।

गरिमा शर्मा र कबीर खड्काको पनि अभिनय रहेको फिल्म 'ट्राभल लभस्टोरी' कथामा बनेको जनाइएको छ ।

गरिमा र निश्चलको यो डेब्यू फिल्म हो । एबी इन्टरनेशनलको ब्यानरमा निर्माण भएको फिल्ममा प्रदीप भारद्वाजको लेखन छ । फिल्मको निर्माताामा अमित बस्नेत, अजित कुमार थापा, परी राना, अंकित गौतम र सनिश खकुरेल रहेका छन् भने सह-निर्माताामा अजित सिंह छन् ।

# दीपकराजले पनि बचाउन नसकेको 'हात्तीछाप'




काठमाडौं/फिल्म कन्टेन्टले चल्छ कि स्टारले ? यो विषयमा हरेकको आ-आफ्नै तर्क र परिभाषा हुनसक्छ । तर, वास्तविक यथार्थ के हो भने फिल्म चल्ने मुख्य आधार कन्टेन्ट नै हो । 'स्टार' भनिने कलाकारले काम गरेका फिल्म कन्टेन्टमा चुक्दा बक्स अफिसमा असफल भएका कयैन् उदाहरण छन् । कलाकारहरुको भीड थुपारेर मात्र फिल्म चल्दैन भन्ने अर्को एउटा उदाहरण बनेको छ, 'हात्तीछाप' ।

अघिल्लो शुक्रबारबाट प्रदर्शन भएको फिल्ममा हिट जोडीको केमेस्ट्री छ । अर्थात् दयाहाङ राई र सौगात मल्ल केन्द्रीय भूमिकामा छन् । बेनिशा हमाल, उपासना सिंह ठकुरी, बुद्धि तामाङ, विजय बराल जस्ता कलाकारको पनि अभिनय छ । फिल्म चलाउनका लागि अभिनेता दीपकराज गिरीलाई समेत 'राजा' भन्दै केमियोमा खेलाइएको छ । तर, 'राजा'ले पनि फिल्मलाई बचाउन सकेनन् ।

त्यसो त फिल्ममा दीपकराजको प्रवेश नै अर्थपूर्ण छैन । उनलाई कथा र घटनाक्रम केहीले पनि मागेको छैन । सिर्फ उनलाई फिल्म चलाउनका लागि डमीको रुपमा मात्र प्रयोग गरिएको देखिन्छ । उनको जम्माजम्मी ३० सेकेण्डको दृश्य छ । उनको ईन्ट्री 'छक्का पञ्जा'को 'राजा' पात्रको शैलीमा छ । उनको नामले पनि फिल्म चल्छ भन्ने आशा निर्माताामा देखिन्थ्यो । तर, त्यस्तो चमत्कार भएन ।

केमियो भूमिका मात्रै भए पनि 'हात्तीछाप' असफलताको 'जस' दीपकराजलाई पनि जान्छ । किनभने, उनी जोडिनु भनेको आफैंमा विशेष हो । उनलाई हेर्नकै लागि भए पनि हल पुग्ने दर्शक छन् । भलै 'हात्तीछाप'मा त्यो देखिएन । जसले गर्दा उनको स्टारडममाथि समेत प्रश्न उठेको छ । बक्स अफिसका 'राजा' मानिने दीपकराजलाई अब कुनै फिल्ममा केमियो गर्नुअघि सोच्नुपर्ने बनाएका छन् ।

त्यसो त 'हात्तीछाप' आफैंमा कमजोर धरातलमा बनेको फिल्म हो । दृश्यभाषा नै विश्वसनीय र स्वाभिक तरिकाले निर्माण गरिएको छैन । पात्रको चरित्र निर्माणमा उस्तै समस्या देखिन्छ । फितलो लेखन र प्रस्तुति पनि फिल्मको कमजोर कडी हो । 'क्लिसे' संवाद र दृश्यबाट पनि फिल्म मुक्त छैन । जसले गर्दा 'स्टार' कहलिएका कलाकारहरु हुँदा पनि 'हात्तीछाप' असफल हुनबाट बच्न सकेन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# महानगरका दुई कर्मचारी सेवाबाट हटाउन प्रदेश लोकसेवा आयोगलाई पत्राचार

काठमाडौं/काठमाडौं महानगरपालिकाले निलम्बित दुई कर्मचारीलाई विशेष सजाय गर्ने भएको छ । निलम्बित कर्मचारी स्वास्थ्य सेवा विभाग प्रमुख रामप्रसाद पौडेल र वरिष्ठ अधिकृत भगवती बिडारीलाई महानगरपालिकाले कारबाही गर्न बागमती प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सजाय प्रस्ताव गरेर परामर्श दिन पत्राचार गरेको छ ।

३० असोजमा बसेको कार्यपालिका बैठकको निर्णयानुसार मोड्सा डु मोन्ड फ्रान्सको आर्थिक सहयोगमा सञ्चालित स्वास्थ्य प्रवर्द्धन केन्द्रका कर्मचारी महानगर मातहत ल्याउने निर्णयमा बिडारीकी छोरी सुवेक्षा ढुंगेलको नाम पनि झुक्याएर प्रमाणित गराएको भन्दै महानगरले बिडारी, पौडेल र मेयर सचिवालय प्रमुख नुरनिधि न्यौपानेलाई निलम्बन गरेको थियो ।

उक्त विषय १३ पुसमा बाहिरिएपछि २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न भनेको थियो । १७ पुसमा पौडेल र बिडारीले १९ पुसमा स्पष्टीकरण दिएका थिए ।

त्यसपछि महानगरपालिकाले छानबिन समिति गठन गरेको थियो । समितिले २६ माघमा प्रतिवेदन बुझाए पनि महानगर मेयर बालेनले १ फागुनमा बसेको कार्यपालिका बैठकपछि मात्रै प्रदेश लोकसेवामा सजायका लागि परामर्श लिन पठाएका थिए ।

'छानबिन समितिबाट प्राप्त भएको प्रतिवेदन अनुसार निज कर्मचारीहरूले आफ्नो पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा गर्नुभएको नदेखिएको,' महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले प्रदेश लोकसेवा आयोगलाई पठाएको पत्रमा छ । महानगरले पौडेल र बिडारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११८ (१) (क) अनुसार कसुर गरेको भनेको छ । बागमती प्रदेशको ऐनअनुसार उक्त कसुरको व्याख्यामा आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसके वा त्यस्तो काम वा जिम्मेवारीको पटक-पटक बेवास्ता गरे कसुर ठहरिने उल्लेख छ ।

उक्त कसुर देखाउँदै महानगरले ऐनको दफा ११५ (ख) (१) बमोजिमको सजायका लागि परामर्श पठाएको हो । उक्त उपदफामा विशेष सजाय अन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# साढे ६ दशकपछि नेपालमै हुलाक टिकट छाप्न सुरु



काठमाडौं/साढे ६ दशकपछि हुलाक टिकट नेपालमै छाप्न सुरु भएको छ । हुलाक सेवा विभागले जनक शिक्षा सामग्री लिमिटेडलाई ८० लाख थान छाप्न जिम्मा दिएपछि नेपालमै हुलाक टिकटको पुन: छपाइ सुरु भएको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीका अनुसार विसं २०१६ सम्म नेपालमै टिकट छाप्ने गरिए पनि त्यसपछि विदेशमा छाप्न पठाउने गरिएको थियो । यसै वर्ष वर्षदेखि जनक शिक्षा सामग्रीसँग समन्वयमा विभागले छपाइ सुरु गरेको उनले बताए ।

सस्तो मूल्यमा टिकट छाप्न सकिने भएकाले राज्य कोषको वचत हुन जाने सरकारको विश्वास छ । शुक्रबार हुलाक सेवा विभागले नेपालमै छापेको हुलाक टिकटमा टाँचा लगाउँदै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले शहीदहरु कामी बुढा, रामवृक्ष यादव, नेत्रलाल पौडेल 'अभागी' र ऐतिहासिक व्यक्तित्व साहना प्रधानसहित विभिन्न प्राकृतिक तथा सांस्कृतिक सम्पदाको तस्विर अङ्कित हुलाक टिकट प्रकाशनमा ल्याएको जानकारी दिइन् । उनले राजनीतिक सामाजिक परिवर्तनका लागि योगदान गरेका ऐतिहासिक व्यक्तिहरुको सम्मान गर्नु राज्यको प्राथमिक दायित्व भएको बताइन् ।

# कैलाशमा स्थानीय वन विधेयकसहित कर्मचारी दरबन्दी स्वीकृत

साझाकुरा संवाददाता




हेटौंडा, ४ फागुन/ बागमती प्रदेशले विकट क्षेत्र भनेर घोषणा गरेको मकवानपुरको कैलाश गाउँपालिकाले १३ औं अधिवेशन सम्पन्न गरेको छ । गाउँसभाको अधिवेशनबाट कर्मचारी दरबन्दी र स्थानीय वन ऐन स्वीकृत गर्नेलगायत ४ वटा प्रस्ताव पारित भएको छ ।

गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले सभामा पेश गरेको बजेट तथा योजना संशोधन, परिमार्जन, रकमान्तर तथा थप गर्नका लागि पेश भएको योजना तथा कार्यक्रमहरु गाउँसभाले सर्वसम्मत पारित गरेको हो । गाउँसभामा उपाध्यक्ष मल्लले चालू आवमा १ करोड ११ लाख आन्तरिक आय प्रक्षेपण गरेकोमा पुस मसान्तसम्म २० लाख मात्र प्राप्त भएको बताए । गाउँपालिकाले चालू आवमा २७ करोड ६४ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा गाउँसभामा २८ करोड ५१ लाख रुपैयाँको संशोधित अनुमान प्रस्तुत गरिएको थियो ।

गाउँसभामा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले पेश गरेको नामटार-कालिकाटार सडक आयोजनाको भेरियसनसम्बन्धी प्रस्ताव पनि गाउँसभाबाट पारित गरिएको छ । अधिवेशनको अवसरमा विभिन्न क्षेत्रमा योगदान गर्ने तथा उत्कृष्ट कर्म गर्ने व्यक्तिलाई सम्मानसमेत गरिएको छ । कैलाश गाउँपालिकाको वृहत्तर हित, प्रगतिशील विकास र सुशासनको सवालमा पत्रकारिताको माध्यमबाट योगदान गरेको भन्दै पत्रकार महासंघ मकवानपुरका कोषाध्यक्ष केशव समर्पणलाई नगद पाँच हजार रुपैयाँसहित सम्मान गरिएको हो ।

'कैलाश सेवा पुरस्कार'बाट पालिकामा कार्यरत उत्कृष्ट कर्मचारी छनोट गरी नगद पाँच/पाँच हजार रुपैयाँसहित सम्मान गरिएको छ । सम्मानित हुनेमा प्राविधिकशाखाका ईञ्जिनियर महेश केसी र असिस्टेन्ट सब ईञ्जिनियर नरेन्द्रदत्त भट्ट, एमआइएस अपरेटर उमेशकुमार मुक्तान, वडासचिव शशिकला सिन्तान, निरश मुक्तान पशुप्राविधिक, कार्यालय सहयोगी अनिल प्रजा, अहेब विश्वप्रकाश सिंह, अहेब जयप्रकाश कुमार साह, विद्यालय स्टाफनर्स बिन्दा तितुङ, प्रधानाध्यापक श्याम बहादुर सिन्तान, शिक्षक दीपकुमार चेपाङ, शिक्षक ध्रुबराज बिष्ट, बालविकास शिक्षक शुक्रबहादुर प्रजा र विद्यालय सहयोगी सीताराम सुनार रहेका छन् ।

राष्ट्रपति रिनङशील्ड प्रतियोगिता २०८० को हाइजम्पतर्फ संवरणपदक विजेता गोमा बर्तौला र तेक्वान्दोतर्फ स्वर्णपदक विजेता अनिशा विकलाई पाँच हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ ।

एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने कालिका माविका विमशा घिसिङ र प्रेम सुनार, कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने सोही विद्यालयकी निर्मला हिम्डुङ र एसईई परीक्षामा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल कैलाश-२ को कमलादेवी माविका प्रधानाध्यापक रामएकवाल राययादव सम्मानित भएका छन् ।

गएको आर्थिक वर्षको उत्कृष्ट उपभोक्ता समितिको रुपमा कैलाश वडा नम्वर १ को क्यूरेनी वर्ष भवन निर्माण समिति र ४ नम्वर वडा घेराबार तथा मर्मत समिति सम्मानित भएका छन् । बालबिवाह न्युनीकरणमा विभिन्न कार्यक्रम गरिरहेको गाउँपालिकाले कक्षा १२ उत्तीर्णका साथै २० वर्ष उमेर पुगी बिवाह गर्ने ८ जना चेलीलाई प्रोत्साहनस्वरुप सम्मान गरेको छ । बजेटमै चेलीप्रोत्साहन कार्यक्रम उल्लेख गरी कार्यान्वयन गरेको गाउँपालिकाले गाउँसभाको अवसरमा ८ जना चेलीलाई प्रतिव्यक्ति २० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरेको हो ।

सम्मानित हुनेहरुमा वडा नम्वर १० निवासी सम्झना स्याङ्तान, वडा नम्वर ६ निवासी गोमा थोकर, वडा नम्वर ९ निवासी राममाया विश्वकर्मा, गंगा घिमिरे, सजिना शिवाकोटी, अमिरा थापा, पार्वती बर्तौला, राधिका कालाखेती रहेका छन् । बालविवाह कम गर्नुका साथै शिक्षामा अब्बल बनाउन गाउँपालिकाले हरेक वर्ष प्रोत्साहन कार्यक्रम गरिरहेको गाउँपालिकाका अध्यक्ष मुक्तानले जानकारी दिए ।

# चर्च ब्वाइजलाई हराउँदै एपीएफ अन्तिम चारमा

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकपमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लब अन्तिम चारमा पुगेको छ ।

जनता माविको खेलमैदानमा भएको दोस्रो क्वाटर फाइनल खेलमा एपीएफले चर्च ब्वाइज युनाइटेडलाई ३-१ गोलले हराउँदै सेमिफाइनल यात्रा तय गरेको हो । चर्च ब्वाइजको पोष्टमा एपीएफले तीन गोल नै दोस्रो हाफमा गरेको थियो । एपीएफको जितमा अनिष महर्जनले दुई गोल र फोडे फोफनाले एक गोल गरे ।

खेलको ६१ औं मिनेटमा फोफनाले गोल गर्दै एपीएफलाई अग्रता दिलाए । महर्जनले खेलको ६३ औं मिनेटमा फोफनाको पासलाई सदुपयोग गर्दै हेडमार्फत गोल गरे । ६९ मिनेटमा महर्जनले व्यक्तिगत दोस्रो र टिमका लागि तेस्रो गोल गरेका थिए । खेलको ८८ औं मिनेटमा चर्च ब्वाइजका लागि विशाल बस्नेतले एक गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेनन् । खेलको म्यान अफ द म्याच महर्जन घोषित भए । उनले नगद १० हजार रुपैयाँ पाएका छन् ।

एपीएफ बागमती गोल्डकपको सेमिफाइनल पुग्ने दोस्रो टोली बनेको छ । यसअघि बिहीवार भएको पहिलो क्वाटरफाइनल खेलमा नवजनजागृति युवा क्लबलाई हराउँदै न्युरोड टिम एनआरटी सेमिफाइनल प्रवेश गरेको थियो । एपीएफले अब फाइनल प्रवेशका लागि आयोजक बागमती खेलकुद विकास समिति र विभागीय टोली त्रिभुवन आर्मीबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिता अन्तर्गत शनिवारको क्वाटरफाइनल खेलमा जावलाखेल युथ क्बल र मछिन्द्र युथ क्लब आमनेसामने हुनेछन् । जावलाखेल गोल्डकपको दोस्रो संस्करणको उपविजेता र तेस्रो संस्करणको विजेतासमेत हो । गोल्डकपको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# अन्नको प्रयोग गरी नेपालको नक्सा




साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/थाहा नगरपालिकाको बज्रवाराही माध्यमिक विद्यालयका विद्यार्थीले अन्नको प्रयोग गरेर नेपालको आकर्षक नक्सा बनाएका छन् ।

कक्षा ७ देखि १० सम्मका विद्यार्थीले दाल, मकै, भटमास लगायतका गेडागुडी प्रयोग गरेर नक्सा बनाएका हुन् । उनीहरुले बनाएको नक्सा विद्यालयको ७० औं वार्षिकोत्सव तथा अभिभावक भेलामा आकर्षणको केन्द्रबिन्दु बनेको थियो । कार्यक्रममा पुगेका अतिथि, अभिभावक र स्थानीयले विद्यार्थीले बनाएको नक्साको प्रशंसा गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि मकवानपुर २ का प्रतिनिधि सभा सदस्य महेशकुमार बर्तौलाले पनि विद्यार्थीको सिर्जनात्मक क्षमता थप विकासका लागि हौसला प्रदान गरे ।

# हेटौंडा एकेडेमीको डान्सिङ आइडल

साझाकुरा संवाददाता



हेटौंडा, ४ फागुन/ हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयको रजतमहोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत शुक्रबार हेटौंडा एकेडेमी डान्सिङ आइडल प्रतियोगिता भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीको अध्यक्षतामा भएको प्रतियोगितामा नेपालको चर्चित मोडेल तथा नृत्याङ्गना रुबिना अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । कक्षागत रुपमा डान्सिङ प्रतियोगिता भएको थियो । कक्षा २ देखि ५ सम्मको प्रतियोगितामा आराध्या भट्टराई, मान्सा गोले, सरगम कुवर, रोशना विष्ट, इभा घलान, यूनिक दवाडी प्रथम भएका थिए ।

कक्षा ६ देखि १० भएको प्रतियोगितामा आँचल सुवेदी, श्रीया थापा, आयूसी लामा, प्रभा डिम्डुङ, कृतज्ञ सापकोटा, रिया पण्डित, युन्छेन गुरुङ, रेन आलेमगर, सक्षम प्रजापति, दिबान्सु परियार, कुशल घिमिरे र अमन घलान प्रथम हुन सफल भएको विद्यालयले जनाएको छ । प्रतियोगितामा विजयी भएका विद्यार्थीलाई प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो । प्रतियोगितामा कलिउड कलाकेन्द्रका सञ्चालक सुजन श्रेष्ठले निर्णायकको भूमिका निर्वाह गरेका थिए । प्रतियोगितामा १३ समूहले सहभागिता जनाएका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-११ की वडाध्यक्ष जुना दाहाल, व्यवस्थापन समितिका सदस्य अंकिता सुमार्गी, साथी मार्टका सञ्चालक सागर पोखरेल, लेखक ब्रिजेश खनाल, प्रमुख कार्यकारी अधिकृत रमेश रिमाल, प्रिन्सिपल गौरी चिमरियालगायतको आतिथ्यता रहेको थियो । विद्यालयको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत फागुन ५ गते वृहत कवि सम्मेलन हुनेछ । नेपालका हास्यव्यंग्य कवि लक्ष्मण गाम्नाङेको प्रमुख आतिथ्यतामा वृहत कवि सम्मेलन हुनेछ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

"Education is the real treasure"

2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee

1 days to go

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना